***Siddhajyoti Interdisciplinary Journal (SIJ)***
Vol. V, January 2024
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# अन्तरक्रियात्मक शिक्षणप्रति नेपाली भाषा शिक्षकका दृष्टिकोण

लक्ष्मीप्रसाद आचार्य

**Article History**: ***Received:*** 30 June 2023; ***Reviewed:*** 30 November 2023; ***Accepted:*** 10 December 2023

**लेखसार**

*प्रस्तुत अध्ययनमा अन्तरक्रियात्मक शिक्षणप्रति शिक्षकका दृष्टिकोणको विश्लेषण गरिएको छ । नेपाली भाषा शिक्षकले अन्तरक्रियात्मक कक्षाका सम्बन्धमा कस्ता धारणा राख्छन् भन्ने समस्यामा आधारित यस अध्ययनमा कर्णाली प्रदेशका विभिन्न विद्यालयमा कार्यरत शिक्षकका अनुभव तथा दृष्टिकोणलाई अध्ययनीय सामग्री बनाइएको छ । पियन्टा र अन्य (सन् २००८) द्वारा प्रस्तुत कक्षा अन्तरक्रिया मूल्याङ्कन अङ्कन प्रणालीका अनुसार निर्धारण गरिएका प्रतिमानमा आधारित प्रश्नावलीका र अन्तरक्रियात्मक कक्षासँग सम्बन्धित विषयमा आधारित खुल्ला अन्तर्वार्ताबाट तथ्याङ्कको सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई ब्राउन (सन् २००७) र सेन्थमराइ (सन् २०१८) द्वारा प्रस्तुत अन्तरक्रियात्मक कक्षाका परिचयात्मक विशेषता सम्बन्धी मान्यतालाई विश्लेषणको आधार बनाइएको छ । सहभागी शिक्षकहरूले कक्षामा गरिने छलफल र प्रश्नोत्तरलाई अन्तरक्रियाका रूपमा चिनाउदै त्यस्ता प्रविधिको प्रयोग भएको कक्षालाई अन्तरक्रियात्मक सिकाइका रूपमा अर्थ्याइएका छन् । शिक्षकहरूबाट विद्यार्थीकेन्द्री, सहयोगात्मक, अभ्यासमूलक सिकाइ अन्तरक्रियात्मक कक्षाका आधार भएको, यसका लागि आपसमा भावनात्मक सम्बन्ध हुनुपर्ने, अन्तरक्रियात्मक शिक्षण शिक्षकको भूमिकामा निर्भर रहने, अन्तरक्रियात्मक कक्षा कलात्मक शिक्षणबाट निर्माण हुने, सहभागीको सन्तुष्टि र उद्देश्यमूलक कार्यकलापमा अन्तरक्रियात्मक कक्षाको औचित्य खुल्ने, यसका लागि कक्षाबाहिरको अन्तरक्रिया आवश्यक रहने, पाठ्यपुस्तकमा अन्तरक्रियात्मक पाठ्यवस्तु समावेश हुनुपर्ने, यस किसिमको शिक्षण सिकाइ जोखिमयुक्त रहेकोले यसमा सबै पक्षको सहयोग आवश्यक रहने धारणा सहभागी शिक्षकहरूका छन् । अन्तरक्रियामूलक कक्षाको निर्माण गर्न सकिएको खण्डमा माध्यमिक तहमा नेपाली भाषा शिक्षण प्रभावकारी बन्ने सुझाव शिक्षकहरूले दिएका छन् ।*

***शब्दकुञ्जी:*** दृष्टिकोण, व्यावहारिक, सम्प्रेषणात्मक,स्वप्रेरित,अन्तरक्रिया

## परिचय

नेपाली भाषाको शिक्षणमा विषयवस्तु र वातावरण अनुसारका विभिन्न विधि तथा पद्धतिको अवलम्बन गरिन्छ । भाषा शिक्षणका लागि कथा, कविता, निबन्ध, जीवनी, एकाङ्कीका साथै रूपक विधाका शैली र स्वरूपमा विषयवस्तु समावेश गरिएको हुन्छ । भाषा शिक्षणका आधार विधाका रूपमा रहेका तिनै भाषिक सामग्री हुन् । भाषालाई साध्य र साधन दुवै बनाएर गरिने भाषा शिक्षणमा त्यस किसिमका विधागत स्वरूपको पाठ्यवस्तुले निर्णायक भूमिका खेलेको हुन्छ । पाठ्यवस्तुको प्रकृतिले कुन किसिमको शिक्षण पद्धति छनोट गर्ने भन्ने कुरा निर्धारण गर्दछन् । शब्दार्थ शिक्षण र पठनबोध शिक्षणका

*Copyright 2024 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

तरिका फरक फरक हुने अवस्था रहन्छ । पद्धति तथा शैली फरक रहे पनि जुनसुकै विधाका पाठ वा पाठ्यवस्तुमा आधारित भाषा शिक्षणमा अभ्यासात्मक कार्य गरिन अपरिहार्य रहन्छ । कुराकानी, छलफल, प्रश्नोत्तर, जिज्ञाशाको निदान जस्ता शिक्षक विद्यार्थी र विद्यार्थी विद्यार्थीका बिच हुने सम्प्रेषणात्मक र अभ्यासात्मक कार्यकलाप अन्तरक्रियात्मक शिक्षणका परिचायक पक्ष मानिन्छन् ।

कक्षामा सहभागीहरूका बिच हुने भाषिक व्यवहार तथा आदान प्रदानको प्रणाली अन्तरक्रिया हो । कक्षाकोठामा यसको सान्दर्भिक प्रयोग भएको सिकाइलाई अन्तरक्रियात्मक शिक्षण भनिन्छ । यसमा उपयुक्त समय अन्तराल रहेको संवादमूलक र अभ्यासात्मक पद्धति कायम भएको हुन्छ । भाषा कक्षामा विद्यार्थीले सहज रूपमा बोल्ने, शिक्षकका साथै सहपाठीहरूसँग पनि जिज्ञाशा राख्ने, प्रश्न प्रति प्रश्न गर्ने अवस्थाको सिर्जना भएको हुनुपर्छ । यी विशेषता भएको शिक्षण अन्तरक्रियात्मक शिक्षण हो । सेन्थमराइ (सन् २०१८) का विचारमा "कक्षा सहभागितामा विद्यार्थी प्रोत्साहन, सिर्जनात्मक प्रतिक्रिया र व्यावहारिक अनुभवको उजागरण गर्ने प्रश्नको उपयोग, सिकारुको ध्यान आकर्षण गर्न सक्ने शिक्षण सामग्रीको प्रयोग, समूह कार्यको वातावरण, शिक्षक र विद्यार्थीको उपयुक्त सहभागिता जस्ता विशेषता भएको कक्षाकार्यकलाप अन्तरक्रियात्मक शिक्षण हो" (पृ.३७) । यसैगरी ब्राउन (२००७, पृ.१६७) का अनुसार "अन्तरक्रियात्मक शिक्षणमा शिक्षक नियन्त्रक, निर्देशक, व्यवस्थापक, सहजकर्ता र सिकाइको स्रोतका रूपमा रहन्छ भने विद्यार्थी सक्रिय सहभागी, नयाँ सन्दर्भको आरम्भकर्ता, सहयोगी, जिज्ञाशु हुनुपर्छ" । यसरी अन्तरक्रियात्मक शिक्षणमा आपसी संवाद र सम्प्रेषणका आधारमा कक्षाकार्यकलाप सञ्चालन गरिएको हुन्छ । कक्षामा सहभागी सबैलाई बोल्ने, तर्क गर्ने, विषय वा सन्दर्भको उठान गर्ने, प्रस्टीकरण वा पुस्ट्याँइ गर्ने वातावरण प्राप्त गर्नुपर्छ । यसको अध्ययनबाट भाषा सिकाइको प्रभावकारिता पूर्वानुमान गर्न सकिन्छ ।

कक्षा अन्तरक्रियालाई अध्येताहरूले विभिन्न दृष्टिकोणमा लिई अध्ययन गरेका छन् । हक (सन् १९९८) ले यसलाई शाब्दिक व्यवहार/सञ्चारका रूपमा चिनाएका छन् । अलराइट (सन् १९८४) र वाग्नर (सन् १९९४) ले यसलाई मौखिक कार्यकलापका रूपमा लिई अध्ययन गरेका छन् । अन्तरक्रियालाई कक्षामा प्रस्तुत दोहोरो प्रणालीका रूपमा लिई अध्ययन गर्नेमा ब्राउन (सन् २००७) रुस्तन्डी (सन् २०१३) रहेका छन् भने सुई (सन् २००१) ले यसलाई शाब्दिक र अशाब्दिक व्यवहार दुवै व्यवहारको समष्टिका रूपमा चिनाएका छन् । सोफ्यान र मुहमद (सन् २०१४); नर्पह्मी (सन् २०१८); नासिर र अन्य (सन् २०१९) ले यसलाई शिक्षक कथनका रूपमा मात्र लिएका छन् । यसैगरी इकबे (सन् २००८); नुगेन्ट (सन् २००९); र न्कुबे (सन् २०१५) ले कक्षा अन्तरक्रियालाई शिक्षक विद्यार्थी कथन मानी अध्ययन गरेका छन् । अमतारी (सन् २०१५) ले यसलाई कक्षा अवलोकनको साधन मात्र मानेको देखिन्छ । गालगेन (सन् २०१५); वेइफ्रेङ (सन् २०१९) ले सञ्चार प्रणालीका रूपमा कक्षा अन्तरक्रियालाई चिनाएर सोहीअनुसार अध्ययन गरेका छन् । बेल (सन् २००६) ले अन्तरक्रियालाई सांस्कृतिक पक्षबाट प्रभावित सामाजिक व्यवहारका रूपमा लिएका छन् । यी अध्ययनहरूले कक्षामा शिक्षक विद्यार्थीको दोहोरो संवादको अवस्था, आपसी छलफल, कुराकानी तथा प्रश्नोत्तरको अवस्थालाई अध्ययनीय विषय बनाएका छन् । यिनको मुख्य विषय कक्षामा अन्तरक्रियात्मक अवस्थाको मूल्याङ्कन गर्नु रहेको छ ।

उपर्युक्त किसिमले विभिन्न दृष्टिकोणबाट हेरिएको अन्तरक्रियात्मक शिक्षण परिपाटीका सम्बन्धमा नेपाली भाषाका शिक्षकका विचार तथा दृष्टिकोण बुझ्न आवश्यक छ । शिक्षकलाई कक्षा अन्तरक्रियालाई सुसञ्चालन गर्ने शिक्षण सिकाइको प्रमुख पक्ष मानिएको छ । हक (सन् १९९८) ले "कक्षाका सम्पूर्ण कार्यकलापलाई नियन्त्रण तथा गतिशील बनाई समय व्यवस्थापन, अर्थपूर्ण छलफलको आयोजना, सबैको यथोचित सहभागिता निर्माण गर्ने व्यक्ति" (पृ.६६) का रूपमा शिक्षकलाई चिनाएका छन् । यसर्थ शिक्षणको अन्तरक्रियात्मक अवस्थालाई केलाउन शिक्षकका धारणाको अध्ययन आवश्यक छ । कक्षामा

अन्तरक्रियाको योजना, निर्देशन र सञ्चालन गर्ने शिक्षकहरूका यससम्बन्धी धारणाको पहिचान गर्ने कार्यलाई अध्ययनीय समस्याका रूपमा लिइएको छ। यस अध्ययनको उद्देश्य नेपाली भाषा शिक्षकहरूको अन्तरक्रियात्मक शिक्षणप्रतिको धारणा पहिल्याउनु राखिएको छ। सहभागी शिक्षकहरूसँग गहन अन्तर्वार्ताका माध्यमबाट आवश्यक सूचना सङ्कलन गरिएको छ। सङ्कलित सूचनालाई स्थापित सिद्धान्त, पूर्वकार्यको निष्कर्षका आधारमा छलफल गरी नतिजा पहिल्याइएको छ । यसबाट नेपाली भाषा शिक्षणको अन्तरक्रियात्मक अवस्थाका बारेमा जानकारी हुनुका साथै त्यसमा देखिएका समस्या, अन्तरक्रियात्मक वातावरणका लागि शिक्षकका अनुभवका आधारमा विद्यमान भाषा सिकाइ पद्धतिमा आवश्यकीय सुधारका उपाय प्राप्त भएका छन् । यसरी सहभागीका अनुभवका आधारमा नेपाली भाषाको अन्तरक्रियात्मक शिक्षणको विद्यमान अवस्थाको पहिचान तथा त्यसमा प्रभावकारिताको खोजीमा केन्द्रित यो अध्ययन भाषा सिकाइका क्षेत्रमा उपयोगी बन्ने अपेक्षा राखिएको छ ।

## सैद्धान्तिक ढाँचा

शिक्षक विद्यार्थीको सान्दर्भिक एवं उपयुक्त सहभागिता रहेको शिक्षण सिकाइ प्रक्रियालाई अन्तरक्रियात्मक कक्षा भनिन्छ । यसलाई विद्वानहरूले सिकाइ प्रक्रियामा विद्यार्थीको सक्रिय सहभागिता गराउने एक शिक्षण प्रविधिका रूपमा चिनाएका छन् । विशेषतः सिकाइमा प्रभावकारी सहजीकरण र विद्यार्थीको सान्दर्भिक सहभागितालाई यसले बुझाउँछ ।

कक्षामा अन्तरक्रियात्मक वातावरणको मापनका लागि पियन्टा र अन्य (सन् २००८) ले विकास गरेको साधनकक्षा मूल्याङ्कन अङ्कन प्रणाली (क्लास) लाई अघि सारेका छन् । "क्लासले शिक्षक विद्यार्थी बिच गरिने अन्तरक्रियाका प्रमुख क्षेत्रको मापन गरी बालबालिकाको विकास र सिकाइका सम्बन्धमा विश्वसनीय पूर्वानुमानका लागि आधार प्रदान गर्छ" हम्रे र अन्य (सन् २००१, पृ. ६२७) । एलेन र अन्य (सन् २०१३) का अनुसार "क्लासले साक्ष्यका माध्यमबाट शिक्षक विद्यार्थी अन्तरक्रियाको गुणस्तर मापन गर्ने विश्वव्यापी मानदण्डको प्राप्ति गरिन्छ" (पृ. ७७) र यसबाट कक्षामा शिक्षक विद्यार्थीका अवलोकनयोग्य व्यवहारका आधारमा सिकाइको पूर्वानमान गर्ने बलियो दृष्टिकोणको निर्माण भएको छ (पृ. ७९) । यी कथनहरूले क्लासका आधारमा अन्तरक्रियात्मक कक्षाको स्तर पहिचान गर्ने आधार निर्धारण गर्न सकिन्छ ।

कक्षा अन्तरक्रियाको प्रभावकारिता पहिल्याउन क्लासमा शिक्षक विद्यार्थी कार्यकलापको मापनका विभिन्न क्षेत्र र उपक्षेत्र निर्धारण यसप्रकार गरिएको छ :

अन्तरक्रियात्मक कक्षाकार्यकलापका क्षेत्र

| क्षेत्र | उपक्षेत्र | पहिचानका आधार |
|---|---|---|
| भावनात्मक सहयोग | सकारात्मक वातावरण | आपसी सम्बन्ध, सकारात्मक प्रभाव, सकारात्मक सञ्चार, आपसी आदर |
| | शिक्षक संवेदनशीलता | सचेतना, उत्तरदायित्वपना, समस्याको सम्बोधन, विद्यार्थी सहजता |
| | किशोर दृष्टिकोण | लचिलोपना र विद्यार्थीमा केन्द्रित, स्वःगति र नेतृत्वका लागि सहयोग, विद्यार्थीका विचार, गतिविधिमा निगरानी |
| कक्षाकोठा सङ्गठन | व्यवहार व्यवस्थापन | स्पष्ट व्यवहार, सक्रियता, गलत व्यवहारप्रति पुनर्निर्देशन, विद्यार्थीका सिकाइ व्यवहार |
| | उत्पादनशीलता | अधिकतम सिकाइ समय, दैनिक कार्यतालिका, सङ्क्रमण, तयारी |
| | नकारात्मक वातावरण | नकारात्मक प्रभाव, बाध्यात्मक नियन्त्रण, कटाक्ष, विभेद, गम्भीर नकारात्मकतामा रोक |

| क्षेत्र | उपक्षेत्र | पहिचानका आधार |
|---|---|---|
| शैक्षणिक सहयोग | विषयवस्तुको बुझाइ | विश्लेषण र तर्क, सिर्जना, समन्वय, वास्तविक संसारसँगको सम्बन्ध, |
| | पृष्ठपोषणको स्तर | स्काफोल्डिङ, पृष्ठपोषण चक्र, प्रतिक्रियामा प्रेरणा, प्रोत्साहन र दृष्टिकोण, |
| | विश्लेषण खोज | विश्वसनीय सूचनाको पहिचान, तर्क र नैतिक प्रश्न, सूचनाको व्याख्या, मौलिकता र आविष्कारशीलता |
| | निर्देशनात्मक सिकाइ | प्रभावकारी सहजीकरण, प्रक्रिया तथा सामग्रीको विविधता, विद्यार्थीका रुचि, सिकाइ उद्देश्यको स्पष्टता |
| | शैक्षणिक संवाद | संवादको प्रवाह, खुला प्रश्नावली, पुनरावृत्ति र विस्तार, स्वयं र समानान्तर कथन, स्तरीय भाषा |
| | विद्यार्थी सहभागिता | ध्यान, उत्सुकता, कार्यमा सहभागिता, नयाँ सन्दर्भको उठान, सिकाइप्रति लगाव |

(पियन्टा र अन्य, सन् २००८)

माथिका क्षेत्र, उपक्षेत्रभित्र विभिन्न प्रतिमानको निर्धारण गरिएको छ । यी प्रतिमानहरूले कक्षा अन्तरक्रियात्मक शिक्षणको अवस्थालाई मापन गर्ने आधार प्रदान गर्दछन् । ती क्षेत्रहरूको निम्न अनुसार चर्चा गरिन्छ :

**भावनात्मक सहयोग**

यो शिक्षक विद्यार्थी र विद्यार्थी विद्यार्थीका आपसी सम्बन्धसँग सम्बन्धित क्षेत्र हो । विद्यार्थीका सामाजिक र सांवेगिक अवस्था सिकाइ प्रक्रियाका मुख्य कारक मानिन्छन् । ती अवस्थाको निर्माण शिक्षक तथा सहपाठीसँगको भावनात्मक सहयोगबाट हुन्छ । भावनात्मक सहयोग प्राप्त गर्ने बालबालिका जीवनका विभिन्न परिस्थितिमा जोखिम मोलेर अघि बढ्ने हिम्मत गर्छन् । विद्यार्थी जीवनमा शिक्षक र साथीबाट भावनात्मक सहयोग प्राप्त गर्ने विद्यार्थीले सामाजिक र शैक्षिक दुवै क्षेत्रमा राम्रो प्रभाव पारेको हुन्छ (हम्रे र पियन्टा, सन् २००१; वेन्ट्जेल, सन् १९९८; हर्टर, सन् १९९६) । यही मान्यताका आधारमा कक्षा अन्तरक्रिया अध्ययनमा भावानात्मक सहयोगसँग सम्बन्धित सूचना पहिचान गरिन्छ ।

सकारात्मक वातावरण, शिक्षक संवेदनशीलता र विद्यार्थी दृष्टिकोण जस्ता व्यावहारिक कार्यकलापलाई भावनात्मक सहयोग अन्तर्गत अध्ययनीय विषय बनाइन्छ ।

**कक्षाकोठा सङ्गठन**

यो कक्षाकोठामा उपलब्ध भौतिक साधन स्रोत, प्राप्त समयलाई सिकाइका लक्ष्य उन्मुख गराउन कार्यसँग सम्बन्धित रहन्छ । यसले सिकाइका लागि भौतिक र मनोवैज्ञानिक रूपमा सहज वातावरणको निर्माण गर्छ । एलेन र अन्य (२०१३) का अनुसार “कक्षाकोठा व्यवस्थापन, उत्पादकता र निर्देशनात्मक सिकाइका विभिन्न ढाँचाको प्रयोग सङ्गठनात्मक सहयोग अन्तर्गत पर्दछन् । अन्तरक्रिया मूल्याङ्कनका यी क्षेत्रमा आत्मनियन्त्रण, सिपको विकास र सिकाइ अभिवृद्धि सहयोग पुऱ्याउने कार्यकलाप अवलोकन गरिन्छन्” (पृ.७९) । कक्षाकोठा सङ्गठनलाई सिकाइ वातावरण तयार गर्ने प्रमुख उद्दीपक मानिन्छ । कक्षाकोठा शिक्षक विद्यार्थी अन्तरक्रियाको एक क्षेत्र हो, यसका आधारमा विद्यार्थीका व्यवहार, मनोभावना र सिकाइका लागि प्राप्त समयलाई व्यवस्थित गरिन्छ । कक्षाकोठा सङ्गठनका लागि व्यवहार निर्माणका प्रभावकारी रणनीतिको प्रयोग गरिन्छ । यसका लागि दैनिक कार्यतालिका लगायत कार्यप्रणाली व्यवस्थापन गर्ने संरचनाको अधिकतम उपयोग गरिन्छ । कक्षाकोठा सङ्गठनका माध्यमबाट विद्यार्थीलाई कक्षा कार्यकलापमा अधिकतम सहभागी बनाउने, नकारात्मक व्यवहार कम गर्न वा हटाउने, सिकाइमा उत्साहित गर्ने वातावरणको सिर्जना गरिन्छ ।

कक्षाकोठा सङ्गठन अन्तर्गत व्यवहार व्यवस्थापन, उत्पादनशीलता, नकारात्मक वातावरणको व्यवस्थापन जस्ता कार्यकलापमा आधारित प्रतिमान निर्माण गरिन्छन् ।

**शैक्षणिक सहयोग**

विद्यार्थीको सिकाइ प्रक्रियामा गरिने सहजीकरणका कार्यकलाप शैक्षणिक सहयोगको क्षेत्र सम्बन्धित रहन्छ । प्रभावकारी सिकाइका माध्यमबाट विद्यार्थीका सोचाइको प्रबर्द्धन र तिनका व्यवहारमा परिवर्तन ल्याउने विभिन्न कार्यकलापको समष्टि स्वरूप शैक्षणिक सहयोग हो । जब विद्यार्थीले सहयोगी व्यवहार प्राप्त गर्दछन् अनि मात्र केही गर्न तथा सिकाइमा संलग्न हुन उत्साहित हुन्छन् । डेभिस र मियाके (सन् २००४) मु स्किब्बे र अन्य, सन् २००४) कुनै विद्यार्थीको संज्ञानात्मक र भाषिक पक्षको विकास उसमा निहित क्षमताको आधारमा वयस्कद्वारा अभ्यास गर्न दिइएका अवसर र सान्दर्भिक सहयोगमा निर्भर र हन्छ । विद्यार्थीका संज्ञानात्मक तथा भाषिक विकासमा सहयोग पुऱ्याउने किसिमका आपसी सहयोगका कार्यकलापको अवलोकन यस क्षेत्रअन्तर्गत गरिन्छ ।

शैक्षणिक सहयोग अन्तर्गत विषयवस्तुको प्रस्टीकरण, विश्लेषण तथा खोज, निर्देशनात्मक सिकाइ, पृष्ठपोषणको स्तर र शैक्षणिक संवादमा आधारित कार्यकलाप अध्ययन गरिन्छन् ।

कक्षा मूल्याङ्कन अङ्कन प्रणाली (क्लास) का यिनै क्षेत्र, उपक्षेत्र र तिनका आधारमा निर्धारण गरिएका प्रतिमानलाई आधार बनाई शिक्षक विद्यार्थी कक्षा व्यवहारबारे शिक्षकका विचार प्राप्त गर्न प्रश्नावलीको निर्धारण गरिएको छ । सहभागी शिक्षकहरूले त्यसमा प्रतिक्रिया जनाएका छन् । तिनै प्रतिक्रियाका आधारमा अन्तरक्रियात्मक कक्षाका विशेषताहरूको खोजी गरिएको छ ।

प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा रूपमा विभिन्न विद्वानद्वारा प्रस्तुत अन्तरक्रियात्मक कक्षाका परिचायक विशेषता सम्बन्धी मान्यतालाई आधार बनाइएको छ । जियोर्ज्जेज (सन् २०१७, पृ. ५४७) का अनुसार "रचनात्मक कार्य, भाषिक खेल, मानव संसाधनको सही उपयोग, सामाजिक परि योजना, वैज्ञानिक उपकरणको प्रयोग, समस्याको समाधान जस्ता विभिन्न कार्यकलाप अन्तर्निहित हुने व्यापक र लोकप्रिय दृष्टिकोण अन्तरक्रियात्मक सिकाइ हो" । खान्डवे (सन् २०१६, पृ. १०५) ले "अन्तरक्रियात्मक सिकाइमा विद्यार्थीलाई अभ्यासका लागि सहज पहुँच, दोहोरो सञ्चार कायम गर्ने विधिको प्रयोग, अभ्यासद्वारा सिक्ने प्रक्रियालाई बढावा दिने कक्षा निर्देशन र विद्यार्थी सक्रिय हुने वातावरण हुनुपर्ने" बताएका छन् ।

सेन्थमराइ (सन् २०१८, पृ.३६) ले अन्तरक्रियात्मक शिक्षणका निम्न विशेषता रहने विचार प्रस्तुत गरेका छन् :

> अन्तरक्रियात्मक शिक्षण सिकारुलाई व्यक्तिगत वा सामाजिक रूपमा आफ्नो क्षमताअनुसार कार्यकलापमा संलग्न हुन, सिक्न, सहपाठीका बिच वार्तालाप, सञ्चार, समूह कार्य र नेतृत्व गर्न अवसर प्रदान गर्ने सिकाइको प्रविधि हो । यसमा शिक्षक र विद्यार्थी कार्यकलापमा समुचित सहभागी हुनुपर्छ । शिक्षकबाट विद्यार्थीलाई निरन्तर प्रोत्साहन दिने, विद्यार्थी प्रतिक्रियामा आधारित छलफललाई सघन तुल्याउने प्रकृतिका प्रश्नको प्रयोग गरिनुपर्छ। विद्यार्थीका अनुभवलाई आधार बनाएर उद्देश्यमा आधारित सिकाइ कार्यकलाप सञ्चालन गर्नुपर्छ । यसमा विद्यमान सिपलाई आधारका रूपमा उपयोग गरिनुपर्छ। सिकाउने शैलीको दायरा बढाई हस्तान्तरणयोग्य खुला सिकाइलाई प्रोत्साहन गरिनुपर्छ । सिकाइप्रति ध्यानाकर्षन र त्यसमा कायम राखिरहन शिक्षण सामग्रीको उपयोग गरिनुपर्छ ।

प्रस्तुत अध्ययनमा प्राप्त तथ्याङ्कको विश्लेषणका लागि ब्राउन (सन् २००७ पृ. १६६) द्वारा प्रस्तुत निम्न अनुसारका मान्यतालाई आधारका रूपमा उपयोग गरिएको छ :

> स्वचालित प्रक्रिया : भाषाको व्याकरण र भाषिक संरचनाहरूमा भन्दा भाषिक अर्थ र सन्देशहरूमा सहभागीको ध्यान केन्द्रित हुने अवस्था अन्तरक्रियामा हुन आवश्यक हुन्छ । सिकारु भाषाका नियम र स्वरूपबाट मुक्त हुने तथा स्वचालित पद्धतिमा सिक्ने अवस्था सिर्जना भएको हुनुपर्छ ।

आन्तरिक प्रेरणा : विद्यार्थीहरू एकअर्कासँग सम्बन्धित रही आत्मसमीक्षाका आधारमा संवादमा सहभागी बन्नुपर्छ । सहभागी कार्यप्रति आन्तरिक रूपमा सन्तुष्ट रही आफ्नो क्षमताको पूर्ण प्रयोगका साथ अभ्यासमा स्वःप्रेरित सहभागी हुनुपर्छ ।

रणनैतिक लगानी : अन्तरक्रियामा कसरी बोल्ने, लेख्ने वा व्याख्या गर्ने भन्ने बारे भाषा प्रयोगका निश्चित निर्णयहरू गर्न र सञ्चार प्रक्रिया बाधित हुँदाका विकल्पहरू खोज्ने क्षमता सहितको रणनीति आवश्यक रहन्छ । अन्तरक्रियात्मक संवादको उत्पादन र ग्रहणका लागि विभिन्न रणनीतिको विवेकपूर्ण प्रयोग गरिनुपर्छ ।

जोखिम ग्रहण : अन्तरक्रियाका क्रममा हुने निश्चित प्रकारका असहज परिस्थितिमा स्वाभाविकता प्रदर्शन गर्दै सहज अर्थ लगाउने, असहमति जनाउने वा त्याग्ने जस्ता विभिन्न उपाय आवश्यक रहन्छन् । त्यस किसिमका उपायले जटिलतालाई सामान्य अवस्थामा प्रस्तुत गरिनुपर्छ ।

भाषिक संस्कृतिको समन्वय : अन्तरक्रियामा भाषाका कथन र लेखन सम्बद्ध सांस्कृतिक पद्धतिमा समन्वय कायम गर्न प्रयोक्तालाई भाषाका सांस्कृतिक सूक्ष्मताहरूको राम्रो ख्याल हुनुपर्छ ।

अन्तरभाषिक समझ : अन्तरक्रियाको जटिलताले भाषा प्राप्तिको क्रमिक विकास प्रक्रियालाई समावेश गर्छ । उत्पादन र ग्रहणका असङ्ख्य त्रुटिहरू यसमा विकासको हिस्सा बन्छन् । यसमा विकासात्मक प्रक्रियाको लागि शिक्षक पृष्ठपोषणको भूमिका महत्त्वपूर्ण रहनुपर्छ ।

सञ्चार सक्षमता : सञ्चार सक्षमताका सबै तत्त्वलेसफल सञ्चारका लागि कार्य गर्ने गरी सहभागी बिचको अन्तरक्रियामा सम्बन्धित रहनुपर्छ ।

माथिका विचारहरूमा अन्तरक्रियात्मक कक्षा शिक्षणका मूलभूत विशेषतालाई प्रस्तुत गरिएको छ । यसबाट अन्तरक्रियात्मक कक्षा सामान्य शिक्षण नभई विशिष्ट विशेषता भएको सिकाइ पद्धति हो भन्ने देखिन्छ । उपर्युक्त मान्यताहरूका आधारमा अन्तरक्रियात्मक कक्षाका मानदण्डको निर्धारण गर्न सकिन्छ ।

कक्षा शिक्षण अन्तरक्रियात्मक भए नभएको पहिचान गर्न माथिका मान्यताहरूलाई आधार बनाइएको हो । भाषा शिक्षकहरूले कक्षाको अवस्थालाई कसरी अनुभव गरिरहेका छन् । विद्यार्थीको भाषिक ज्ञानसिप निर्माणको लागि गरिने कार्यकलापलाई तिनका धारणा तथा दृष्टिकोणको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## अध्ययन विधि

शिक्षक कक्षाको सञ्चालक, निर्देशक, वातावरण निर्माता रहेकोले यस अध्ययनमा तिनका धारणा तथा दृष्टिकोणलाई कक्षामा अन्तरक्रियात्मक अवस्थाको पहिचान गर्ने मुख्य आधारका रूपमा लिइएको छ । यसका लागि परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कको प्रयोग गरिएको छ । स्कुनेनबुम र जोन्सन (सन् २०१७) ले "वास्तविक ज्ञानको खोजी र वैध अध्ययनका लागि मिश्रित ढाँचा उपयुक्त हुने" (पृ.११०) सुझाएका छन् । यसैगरी भेन्कटेस र अन्य (सन् २०१६) ले"कुनै विषय वा घटनाका बारेमा गरिएका अध्ययन अपूर्ण छन्, अध्ययनीय समस्या अनिर्यात्मक र विवादास्पद भएको अवस्थामा मिश्रित अध्ययन ढाँचा विशेष उपयोगी हुने" (पृ.३६) विचार प्रस्तुत गरेका छन् । अन्तरक्रियात्मक शिक्षण सिकाइ प्रक्रियामा शिक्षक विद्यार्थीका विभिन्न मूर्त अमूर्त व्यवहार गाँसिने भएकाले सामग्री निमार्ण तथा तथ्याङ्क सङ्कलन, तिनको व्याख्या विश्लेषण र नतिजामा बहुकोणीकरण पद्धति अपनाउन सान्दर्भिक देखिएकोले यसको अध्ययनका लागि मिश्रित ढाँचालाई उपयुक्त मानिएको छ । यस अध्ययनको क्षेत्र नेपालको कर्णाली प्रदेश रहेको छ । त्यस क्षेत्रका माध्यमिक विद्यालयमा अध्यापन गर्ने नेपाली भाषा शिक्षकलाई अध्ययनको जनसङ्ख्याका रूपमा लिई सबै जिल्लाबाट समान प्रतिनिधित्व रहने गरी चालिस जना शिक्षकलाई


नमुनाका रूपमा लिइएको छ। तीमध्ये गहन अन्तर्वार्ताका लागि उद्देश्यमूलक नमुनाका रूपमा चारजना शिक्षकको छनोट गरिएको छ। यस अध्ययनमा तथ्य सङ्कलनका लागि मुख्य रूपमा प्राथमिक स्रोतको उपयोग गरिएको छ । नमुना छनोटमा परेका शिक्षक, तिनका धारणा, अनुभूति तथा दृष्टिकोणलाई तथ्याङ्कका मुख्य स्रोत मानिएको छ । यस अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलनका लागि पियन्टा र अन्य (सन् २००८) को क्लास मान्यताका आधारमा बन्द प्रश्नहरू रहेको एक प्रश्नावली तयार गरिएको छ। त्यसलाई गुगल फारामका रूपमा निर्माण गरी सम्बन्धित शिक्षकहरूकहाँ पठाई प्रतिक्रिया जनाउन लगाइएको छ। यसबाट परिमाणात्मक तथ्याङ्क प्राप्त गरिएको छ। तीमध्ये चारजना शिक्षकसँग अन्तरक्रियात्मक कक्षाका सम्बन्धमा निर्धारित विषयमा आधारित भई दुई दुई पटक खुल्ला अन्तर्वार्ता लिइएको छ। यो प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनको प्रमुख आधार हो र यसबाट गुणात्मक तथ्यको सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा सहभागी शिक्षकहरूसँगको गहन अन्तर्वार्ताबाट सङ्कलित तथ्यको विश्लेषणका लागि तथ्याङ्कको अभिलेखन, तथ्याङ्कबाट दृष्टिकोणको पहिचान, प्रतिक्रियाबाट सारको खोजी गर्ने कार्यलाई चरणबद्ध अपनाइएको छ । यसका लागि गुगल फाराममा जनाइएको प्रतिक्रिया कम्प्युटर प्रविधिबाटै गणना र नतिजाको प्रस्तुति गरिएका चार्टको प्राप्ति गरिएको छ । अन्तर्वार्ताबाट प्राप्त तथ्यको विश्लेषणका लागि अभिलेखीकरण, कोड निर्धारण, कोडको समूहकीकरण र सारको प्राप्तिका प्रक्रिया अपनाइएको छ। यसरी प्राप्त नतिजाको व्याख्याका लागि ब्राउन (सन् २००७) सेन्थमराइ (सन् २०१८) द्वारा प्रस्तुत अन्तरक्रियात्मक कक्षाका विशेषता सम्बन्धी मान्यतालाई आधारका रूपमा उपयोग गरिएको छ।

## नतिजा र छलफल

प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षण अन्तरक्रियात्मक कार्यप्रति सहभागी शिक्षकहरूका धारणालाई आधार बनाइएको छ। यसका लागि गुगल फारामबाट प्राप्त प्रतिक्रिया र गहन अन्तर्वार्ताका आधारमा प्राप्त दृष्टिकोणलाई विश्लेषण गरिएको छ । यसरी प्राप्त नतिजालाई सैद्धान्तिक आधार, पूर्व अध्येताहरूका विचार, स्थापित मानदण्डका आधारमा छलफल गरी निष्कर्ष निकालिएको छ ।

### अन्तरक्रियाप्रतिको बुझाइ

कक्षा अन्तरक्रियालाई शिक्षकहरूले विभिन्न रूपमा बुझेका छन्। अधिकांश शिक्षकले छलफल र दोहोरो कुराकानीलाई मात्र अन्तरक्रिया मानेका छन् भने कतिपय शिक्षकले कक्षामा हुने भाषिक सम्प्रेषणका सबै कार्यलाई अन्तरक्रियाका रूपमा लिएका छन्। यसैगरी कतिपय शिक्षकले अन्तरक्रिया विषय वा सन्दर्भ अनुसार गरिने कुराकानी मात्र भएको तर्क प्रस्तुत गरेका छन् । भाषिक कार्यलाई अन्तरक्रिया मान्ने शिक्षकको सङ्ख्या अधिक छ भने भाषेत्तर सम्प्रेषण पनि अन्तरक्रिया भएको कुरा स्वीकार्ने शिक्षकको सङ्ख्या सानो छ। यही सन्दर्भमा शिक्षकहरूसँग सोधिएको प्रश्नमा निम्न किसिमको प्रतिक्रिया प्राप्त गरिएको छ :



यहाँ शिक्षक विद्यार्थी र विद्यार्थी विद्यार्थी बिचको छलफललाई अन्तरक्रिया मान्ने शिक्षकको सङ्ख्या अधिक छ । बोलेर वा नबोलेर गरिने भाषिक व्यवहारलाई अन्तरक्रिया मान्ने शिक्षक एकदम कम छन् । यस अनुसार शाब्दिक कार्यलाई अन्तरक्रियाका रूपमा लिइएको छ । शाब्दिक र अशाब्दिक दुवै किसिमको भाषिक व्यवहारलाई अन्तरक्रिया मान्ने शिक्षक निकै कम देखिन्छन् ।

अन्तरक्रियाप्रतिको उनीहरूको बुझाइले यसका सम्बन्धमा राखिएका जिज्ञाशामा फरक दृष्टिकोण प्राप्त भएको छ । फ्लेन्डर (१९६६), ओबर (१९६८) ले अन्तरक्रियाका दश श्रेणीमध्ये व्याख्यान, निर्देशनका साथै मौनतालाई समेत अन्तरक्रियाका प्रकार भनेर चिनाएका छन् । मोर्गन र सक्सटन (सन् १९९१) को "सक्रिय मौनता शब्द जस्तै ठुलो स्वरमा बोल्छ" (पृ.८०) भन्ने विचारका साथ अन्तरक्रियामा मौनताको स्थानलाई प्रस्ट्याएका छन् । सहभागी शिक्षकहरूले भने मौनताका साथै व्याख्यान र निर्देशन अन्तरक्रियाका प्रकार हुने कुरामा असहमती जनाएका छन् ।

शिक्षक र विद्यार्थीका बिच छोटो अन्तरालको दोहोरो प्रणाली कायम भएको अवस्था, विद्यार्थीहरू आपसमा समूह छलफल, जोडी कार्य गरेको अवस्थालाई शिक्षकहरूले अन्तरक्रियात्मक शिक्षणका रूपमा चिनाएका छन् । निर्देशन पश्चात कार्य गरिन्छ, व्याख्यान सकिएपछि त्यसमा आधारित प्रश्नोत्तर गरिन्छ । प्रश्नोत्तरको आधार व्याख्यान हुने भए तापनि अधिकांश शिक्षकले लामो समयको अन्तरालमा बन्न जाने संवादको प्रक्रियालाई अन्तरक्रिया मानेका छैनन् ।

अन्तरक्रियाप्रति सहभागी शिक्षकको बुझाइ नै भिन्दाभिन्दै देखिनु, यसलाई प्रश्नोत्तर र छलफलको प्रक्रियाका रूपमा मात्र बुझ्नुले अन्तरक्रियात्मक शिक्षणका सम्बन्धमा शिक्षक स्पष्ट नभएको देखिन्छ । अन्तरक्रियाप्रतिको धारणा नै अस्पष्ट हुनुले कक्षामा अन्तरक्रियात्मक अवस्था बलियो छैन भन्न सकिन्छ ।

**अन्तरक्रियामा सहयोग**


नेपाली भाषा शिक्षणका क्रममा अन्तरक्रियात्मक शिक्षणका लागि विद्यार्थी, सहकर्मी शिक्षक, विद्यालय प्रशासनबाट सहयोग नमिलेको अनुभव शिक्षकको छ । उनीहरूका अनुसार भाषा शिक्षणका क्रममा कक्षाका सीमित विद्यार्थीबाट मात्र सहयोग पाइन्छ । अधिकांश विद्यार्थीहरूबाट असहयोगको अनुभव गरिएको छ । छलफल, संवाद, प्रस्तुतीकरण तथा टिप्पणी, समूह कार्य लगायतका कार्यकलापका क्रममा अनावश्यक बोल्ने, विषयान्तर कुरा गर्नेदेखि आपसमा गिज्जिने मौकाको रूपमा समेत त्यस समयको उपयोग गर्ने विद्यार्थीको सङ्ख्या बढी छ । सामूहिक प्रश्नोत्तर, समूहमा लय वाचन गराउन सकिन्छ, तर कुनै विषय दिएर आपसमा छलफल गराउँदा हल्ला गर्नेहरू हावी बन्दछन् । कतिपय विद्यार्थी त कुनै सन्दर्भमा शिक्षकलाई नै उडाउने, कुतर्क गर्ने, अनुशासनभन्दा बाहिर जाने अवस्था भोग्नु परेको अनुभव शिक्षकहरूको देखिन्छ ।

अन्तरक्रियात्मक कार्यबाट कक्षामा आवाजको मात्रा बढी हुने, झट्ट हेर्दा कक्षा अव्यवस्थित देखिँने हुँदा विद्यालय प्रशासन, सहकमी शिक्षकको आँखाबाट कक्षा अनुशासन कायम गर्न नसकेको गुनासो सुन्नु पर्ने अवस्था छ भने अर्कोतर्फ कक्षामा अधिकांश विद्यार्थीबाट सहयोग हल्ला गर्ने, विषयान्तर हुने कारण अन्तरक्रियात्मक शिक्षणमा सहयोग नभएको धारणा शिक्षकको छ । यस किसिमले कक्षा कार्यकलापमा सहयोगको अवस्था कमजोर हुनुले कक्षामा उपयुक्त अन्तरक्रियात्मक वातावरण बन्न सकेको छैन भन्ने अनुमान गर्न सकिन्छ ।

**अन्तरक्रियामा जोखिम**

सहभागी शिक्षकहरूले अन्तरक्रियात्मक शिक्षणमा थुप्रै जोखिम रहेको धारणा प्रस्तुत गरेका छन् । उनीहरूका अनुसार यसमा विद्यार्थी विषयान्तर हुने सम्भावना अधिक रहन्छ । बोल्ने मौका पाए अनर्गल कुरा गरिहाल्ने विद्यार्थीको चरित्र मुख्य बाधक बनेको हुन्छ । यसलाई नियन्त्रणका लागि निरन्तर प्रयत्न आवश्यक भइरहन्छ । कक्षा अनुशासन कायम राख्न पनि निकै जोडबल गरिरहनुपर्छ । बाहिर देख्ने,

सुन्नेहरूले कक्षा हल्लामय भएको आरोप लगाउने समेत गरेका छन्। यसबाट कक्षा समय समेत कम पर्न जान्छ। निर्धारित समयमा सबै विषयवस्तुको शिक्षण गरेर सक्नैपर्ने विद्यमान पठनपाठनको परिपाटीमा समय अपूग हुने, समयमा कोर्ष सक्न कठिन हुने जोखिम रहेको धारणा शिक्षकको देखिन्छ।




माथिको चार्टमा सहभागीहरूमध्ये सहत्तर प्रतिशत शिक्षकले अन्तरक्रियात्मक शिक्षणमा विद्यार्थीको सहयोग रहने प्रतिक्रिया जनाएका छन् भने पैंतिस प्रतिशतले विद्यालय प्रशासकको सहयोगको अपेक्षा राखेका छन्। अन्तर्वार्ताको क्रममा अन्तरक्रियात्मक शिक्षणका लागि विद्यार्थी मुख्य समस्या भएको विचार राखेका छन्। यसरी कक्षामा विद्यार्थी असहयोगी भएका कारण अन्तरक्रियात्मक शिक्षणको वातावरण कमजोर रहेको ठहर उनीहरूको हो। विद्यार्थीहरूका बिच, विद्यार्थी र विषयवस्तुका बिच, विद्यार्थी समूहमा छलफल, प्रश्नोत्तर, संवादका कार्यकलाप गराउँदा विद्यार्थी हल्ला गर्ने, कक्षा नियन्त्रण गर्न कठिन हुने, विषयान्तर भई अभ्यास गराउन चाहेको विषयमा सही र प्रभावकारी रूपमा नहुने अवस्था भोग्नु परिरहेको अनुभव शिक्षकहरूको छ।

**योजनाबद्ध शिक्षण**

अन्तरक्रियाका सम्बन्धमा सैद्धान्तिक रूपमा स्पष्ट नभई अन्तरक्रियात्मक शिक्षण सम्भव हुँदैन। अन्तरक्रियाप्रति सहभागी शिक्षकहरूका भिन्दाभिन्दै धारणा हुनुले यसप्रति उनीहरूको स्पष्ट नभएको बुझिन्छ। यसकारण उनीहरूले अन्तरक्रियात्मक शिक्षणका लागि योजना बनाउन आवश्यक देखेका छैनन्। यसलाई योजनाबद्ध नभई आकस्मिक रूपमा गरिने कार्यका रूपमा बुझेका छन्। जस्तो परिस्थिति आउँछ त्यसरी नै शिक्षण गर्ने परिपाटीले यसको प्रयोग सही किसिमले हुन सकेको छैन। कक्षामा व्याख्या विश्लेषण नगरी हुँदैन, अन्यथा केही पढाइ नै भएन भन्ने सोच अधिकांश विद्यार्थीमा हुने कुरा शिक्षकमा परेको छ। कुनै अनुच्छेद पढ्न लगाएर त्यसमा व्याख्या विश्लेषण गर्न पद्धति सबैभन्दा बढी अपनाइने उनीहरूका विचारले सहभागी शिक्षकहरूमा अन्तरक्रियात्मक शिक्षण सिपको अभाव छ भन्ने कुरा देखिन्छ।

कक्षा शिक्षण सिकाइ अभ्यासमूलक, प्रयोगात्मक भएको खण्डमा मात्र सफल हुने गर्दछ। यसले अन्तरक्रियात्मक सिकाइलाई सम्बोधन गर्न सक्छ। व्याख्यान र निर्देशनका तुलनामा सिप सिकाउन यो उपाय कैयौ गुणा प्रभावकारी हुन्छ। यसका लागि सुनिश्चित योजना बनाउनुपर्छ। यसका आधारमा विद्यार्थीको सहभागिता, आफैं गरेर सिक्ने वातावरण निर्माण हुने गर्दछ। यसो नहुनु वा नगरिनुको प्रमुख कारण अन्तरक्रियालाई सतही रूपमा लिइनु रहेको धारणा शिक्षकहरूको छ।

**अन्तरक्रियामूलक पाठ्यवस्तु**

नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुलाई साहित्यिक विधाका शैली र स्वरूपमा प्रस्तुत गरिएका हुन्छन्। तिनलाई सिपको अभ्यासका लागि उपयोग गर्न सकेको खण्डमा अन्तरक्रियात्मक शिक्षण सम्भव हुने धारणा सहभागी शिक्षकहरूको रहेको छ। उनीहरूका अनुसार पाठ्यपुस्तकका

अधिकांश विषयवस्तुमा व्याख्यान आवश्यक पर्ने गर्छ जसका कारण अन्तरक्रियात्मक कार्यकलाप गराउन सकिँदैन । कतिपय शिक्षकहरूले विधाका ढाँचामा रहेका पाठहरूलाई साहित्य शिक्षणको तौरतरिका अपनाउन समेत गरेको देखिन्छ । आपसी छलफल,संवाद, समूह कार्य, जोडी कार्य, परियोजना कार्य, समीक्षा, प्रस्तुतीकरण तथा टिप्पणी गराउने किसिमका पाठ्यवस्तु पाठ्यपुस्तकमा राखिनु पर्छ । यसो भएको खण्डमा अन्तरक्रियात्मक शिक्षणसहज हुने विचार शिक्षकहरूको रहेको छ ।

**कक्षाबाहिर अन्तरक्रिया**

शिक्षक र विद्यार्थीका बिच कक्षाकोठाका अतिरिक्त कक्षा बाहिर पनि अन्तरक्रिया गर्ने वातावरण हुन आवश्यक रहने कुरा शिक्षकहरूले औंल्याएका छन् । उनीहरूका अनुसार कक्षाकोठामा जे जसो गरियो त्यसभन्दा बाहिर भाषा सिकाइसँग सम्बन्धित कार्यकलाप गराउने वातावरण छैन । अतिरिक्त क्रियाकलापहरू, खेलकुद, सांस्कृतिक कार्यक्रम, वनभोज, भ्रमण जस्ता अवसरका साथै खाली समय, खाजा समय, सामाजिक कार्यकलापका सन्दर्भमा शिक्षक विद्यार्थीका बिच अन्तरक्रिया हुने वातावरण हुन आवश्यक रहन्छ । उनीहरूको यस किसिमको अपेक्षा एल्डरम्यान (सन् २०१८, पृ.३) को "कक्षा बाहिरको अन्तरक्रियाले विद्यार्थीको शैक्षिक उपलब्धि, पुनर्स्मरण, र संस्थागत वातावरणसँग सन्तुष्ट हुने अवस्थाको सिर्जना गर्छ" भनाइ सापेक्ष रहेको देखिन्छ । कक्षाभित्रको सिकाइमा कक्षाबाहिरको अन्तरक्रिया पूरकका रूपमा रहने, यसले कक्षा अन्तरक्रियालाई सहज र प्रभावकारी बनाउने, विद्यार्थी शिक्षकका बिच सुमधुर सम्बन्ध स्थापित हुने, विद्यार्थीलाई कक्षा कार्यकलापप्रति सकारात्मक बनाउन कक्षाबाहिरको अन्तरक्रिया आधार बन्ने धारणा शिक्षकको देखिन्छ ।

कक्षामा अन्तरक्रियात्मक शिक्षणलाई सहज रूपमा सञ्चालन गर्न विद्यार्थीलाई अन्तरक्रियामा अभ्यस्त बनाउन आवश्यक छ । यसका लागि आपसमा सुमधुर सम्बन्ध कायम हुनुपर्छ । त्यस किसिमको सम्बन्ध कक्षाबाहिरको घुलमिलबाट सम्भव हुन्छ । त्यसबाट भाषा सिकाइका लक्ष्य हासिल गर्न, प्रभावकारी कक्षाकार्यकलाप गर्ने अवस्थामा निरन्तरता कायम गर्न सकिने विचार शिक्षकहरूको रहेको छ ।

**उद्देश्यमूलक अन्तरक्रिया**

सहभागी शिक्षकहरूले उद्देश्य अनुसार अन्तरक्रियाको आयोजना गर्न सकेको खण्डमा कक्षा अन्तरक्रियात्मक बन्ने कुरा औंल्याएका छन् । उनीहरूका अनुसार कक्षामा सिकाइ वातावरण निर्माण गर्न, विद्यार्थीलाई निरन्तर उत्प्रेरित गर्न, मनोरञ्जन प्रदानका साथै यसलाई भाषा सिकाइका उद्देश्यसँग जोड्नुपर्छ । कक्षामा विषयवस्तु प्रस्तुतिमा विद्यार्थी निष्कृय हुने अवस्थालाई रोक्न तथा विद्यार्थी केन्द्रित सिकाइलाई सुनिश्चित गर्न यसको प्रयोग गरिन्छ । यसलाई कक्षा वातावरण जाँगरिलो बनाउने उपायका रूपमा लिने गरिएको छ । यी सबै कुराहरूको अन्तर्यमा सिकाइका उद्देश्य रहनुपर्छ भन्ने धारणा उनीहरूको छ ।

सहभागी शिक्षकहरूले कक्षा अन्तरक्रिया र सिकाइका उद्देश्यका बिच तालमेल हुनुपर्नेमा जोड दिएका छन् । हाम्रा कतिपय कक्षामा विषयवस्तु एकातिर, सिकाइको उद्देश्य अर्कोतिर र अन्तरक्रिया झन अर्कैतिर भइरहेका हुन्छन् । यिनका बिच तालमेल तथा समन्वय कायमगराउनुपर्छ । यसो नभएको खण्डमा त्यो सिकाइका लागि नभई मनोरञ्जनका लागि गरिएको ठहर्छ । कक्षामा अन्तरक्रिया गराउने मात्र नभई सिकाइका लक्ष्य हासिल गर्ने उद्देश्य राखिनुपर्छभन्ने धारणा सहभागीको रहेको छ ।

**सहभागीको सन्तुष्टि**

कक्षा अन्तरक्रियाले यसका मुख्य सहभागी विद्यार्थीलाई सन्तुष्टि प्रदान गर्न सक्नुपर्ने धारणा शिक्षकहरूको छ । उनीहरूका अनुसार अन्तरक्रियात्मक कार्यकलाप जबरजस्तीपूर्ण नभई स्वाभाविक, स्वस्फूर्त हुनु आवश्यक छ । उद्देश्यलाई मात्र हेरेर गरिने अन्तरक्रिया कतिपय अवस्थामा दबाबपूर्ण हुन

सक्छ, यसलाई ख्याल पुऱ्याउनुपर्छ । यो मनोरञ्जन र उद्देश्य उन्मुख दुवैका दृष्टिबाट सन्तुलित हुनु आवश्यक छ । अति सक्रिय अन्तरक्रिया गरियो तर त्यसमा सिकाइका लक्ष्य हासिल भएनन् भने वा सिकाइका लक्ष्य हासिल भए तर अन्तरक्रियात्मक कार्य निकै कठिन बनेको खण्डमा भाषा सिकाइ प्रभावकारी बन्न नसक्ने धारणा सहभागी शिक्षकहरूको रहेको छ ।

अन्तरक्रियात्मक शिक्षण सहभागितामूलक, सौहार्दपूर्ण, स्वउत्प्रेरणायुक्त भएको खण्डमा त्यसबाट विद्यार्थी अधिकतम सन्तुष्ट हुन्छन् । बलपूर्वक आयोजना गरिएको अन्तरक्रियाबाट सकारात्मक नतिजा नआउन सक्छ अन्तरक्रियामा विद्यार्थीको सन्तुष्टिलाई ख्याल गर्न आवश्यक रहने धारणा शिक्षकहरूको देखिन्छ ।

## शिक्षण कलाका रूपमा अन्तरक्रिया

कक्षा अन्तरक्रिया भाषा शिक्षणको एक कला भएको विचार सहभागीहरूको छ । उनीहरूका अनुसारकलात्मक शैलीले अन्तरक्रियात्मक कार्य गराउन सकिएको खण्डमा सिकाइ प्रभावकारी र सफल हुने कुरा निश्चित छ । कक्षा अन्तरक्रिया भाषा शिक्षण सिकाइका सन्दर्भमा आवश्यक अतिरिक्त सिपका रूपमा समेत लिइन्छ । सहभागीहरूको भनाइ पार्क (सन् २०१७, पृ. १३६) ले "अन्तरक्रियात्मक क्षमता भाषा सिकाइका चारवटा आधारभूत सिपका अतिरिक्त पाँचौँ सिप हो" भन्ने विचारसँग सम्बन्धित देखिन्छ ।

शिक्षण एक कला हो, अन्तरक्रियात्मक कक्षाका लागि विशेष सक्षमता आवश्यक रहन्छ । यसमा वातावरण निर्माण, सहभागीको सक्रियता, उद्देश्यको प्राप्ति, सहभागी सन्तुष्टि जस्ता विषय जोडिन आउँछन् । तिनको परिपूर्ति गर्न सक्नुपर्छ । शिक्षणमा कलात्मकता विना अन्तरक्रियात्मक वातावरण बन्न नसक्ने धारणा शिक्षकहरूको विचार सान्दर्भिक देखिन्छ ।

## अन्तरक्रियामा शिक्षक

कक्षामा शिक्षक आफैं सक्रिय बन्ने, विषयवस्तु प्रस्ट्याउने, लामा निर्देशन दिने, आफैले भनेर वा गरेर देखाउने अवस्थामा अन्तरक्रिया कमजोर हुने धारणा सहभागीहरूको रहेको छ । उनीहरूका अनुसार शिक्षक वातावरणको निर्माता, सहयोगी, कक्षाको एक सदस्य, विद्यार्थीहरूका निम्ति असल अभिभावक, समस्या समाधानमा मार्गदर्शक जस्ता भूमिकामा रहने हो भने भाषा शिक्षण अन्तरक्रियात्मक बन्छ । शिक्षकमा भाषिक दक्षताको खोजी गर्न उत्प्रेरित गर्ने, सोहीअनुसार अभ्यास गराउन सक्ने क्षमता हुन आवश्यक छ । कक्षामा ज्ञानसिपको चर्चा नभई त्यसको निर्माण गर्ने वातावरण गराउन शिक्षक सक्षम हुनुपर्छ । विद्यार्थीलाई हरदम सिक्न, गर्न, सहभागी बन्न उत्प्रेरित गर्ने, त्यस किसिमको वातावरणका लागि प्रेरणा, प्रोत्साहन, पुनर्बल प्रदान गर्ने किसिमको शिक्षकको कक्षा अन्तरक्रियात्मक हुने अनुभव शिक्षकको छ ।

## शिक्षक विद्यार्थी सम्बन्ध

विद्यार्थीका सामाजिक र सांवेगिक अवस्था सिकाइ प्रक्रियाका मुख्य कारक मानिन्छन् । ती अवस्थाको निर्माण शिक्षक तथा सहपाठीसँगको आपसी सम्बन्धबाट हुने धारणा सहभागीहरूको छ । जुन घरपरिवारमा अभिभावकले बालबालिकालाई भावनात्मक सहयोग पुऱ्याउँछन्, तिनका बालबालिका जीवनमा आइपर्ने यावत परिस्थितिमा जोखिम मोलेर अघि बढ्ने हिम्मत गर्छन् । विद्यालयको समयभित्र विद्यार्थीका अभिभावक शिक्षक हुन् । उनीहरूसँग भावनात्मक सम्बन्ध राख्ने विद्यार्थीले हरेक अवस्थामा सहयोग प्राप्त गर्दछ । सिकारुका मनोवैज्ञानिक अवस्थाको व्यवस्थापन, जीवनप्रतिको दृष्टिकोण, उत्तरदायित्वको निर्माण सकारात्मक भावना, सिक्ने चाहना, सोही सम्बन्धबाट निर्माण हुन्छ । यसरी अन्तरक्रियात्मक सिकाइ भावनात्मक सम्बन्धको उपज भएको विचार शिक्षकहरूको रहेको छ ।

**अन्तरक्रियात्मक कक्षाका आधार**

सहभागी शिक्षकहरूले विद्यार्थीकेन्द्री, सहयोगात्मक, अभ्यासमूलक सिकाइ अन्तरक्रियात्मक कक्षाका आधार भएको विचार प्रस्तुत गरेका छन् । उनीहरूका अनुसार अन्तरक्रिया शिक्षकको योजनामा हुने भए तापनि अन्तरक्रियामूलक शिक्षण सिकाइ विद्यार्थीको सिकाइ गतिविधिमा निर्भर हुन्छ । विद्यार्थी कार्यकलापप्रति सन्तुष्ट बन्दै सक्रिय सहभागिता जनाउनुपर्छ । विद्यार्थीले विभिन्न सिपमा आधारित अभ्यास गर्ने क्रममा कुनै समस्या आइलाग्दा शिक्षक वा साथीबाट यथेष्ट सहयोग पाउँछन् भने त्यस किसिमको अवस्थालाई अन्तरक्रियात्मक कक्षाका आधार मानिने धारणा सहभागी शिक्षकहरूको रहेको देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा माध्यमिक तहको नेपाली भाषा शिक्षण सिकाइमा अन्तरक्रियात्मक शिक्षणको अवस्थाका बारेमा शिक्षकका दृष्टिकोणको प्रतिबिम्बात्मक विश्लेषण गरिएको छ । कर्णाली प्रदेशका विभिन्न विद्यालयमा कार्यरत विद्यालयका शिक्षकहरूसँग गुगल प्रश्नावलीका माध्यमबाट सर्वेक्षण र खुल्ला अन्तर्वार्ताका आधारमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी निष्कर्ष पहिल्याइएको छ । कक्षा अन्तरक्रियालाई शिक्षकहरूले आआफ्नै किसिमले अर्थ्याएका छन् । तिनले यसको सैद्धान्तिक र व्यावहारिक ज्ञानको आवश्यकतालाई औँल्याएका छन् । अन्तरक्रिया र अन्तरक्रियात्मक शिक्षणलाई फरक अवधारणाका रूपमा चिनाउँदै कक्षा अन्तरक्रियाको सही उपयोगबाट मात्र अन्तरक्रियात्मक शिक्षण हुने निष्कर्ष प्राप्त भएको छ ।

नेपाली भाषा शिक्षणका सन्दर्भमा अन्तरक्रियात्मक शिक्षणको अवलम्बनमा विभिन्न समस्या रहेका छन् । विद्यालयको भौतिक अवस्था कमजोर त छँदै थियो त्यसैमा विद्यार्थीबाट असहयोग हुनु, विद्यालय प्रशासनबाट सकारात्मक रूपमा ग्रहण नगरिनु, विद्यार्थीका वैयक्तिक विवरण राख्ने परिपाटी नहुँदा वैयक्तिक अवस्थाको जानकारी विना नै विद्यार्थीसँग व्यवहार गरिनु, शैक्षिक सामग्रीको अभाव रहनु जस्ता समस्या रहेको कुरा दर्शाइएको छ । अन्तरक्रिया उद्देश्यमूलक, व्यावहारिक हुनुपर्ने, यसले सिकारुमा मनोरञ्जनका साथै ज्ञानसिप र सन्तुष्टि समेत दिनुपर्ने धारणा प्रस्तुत भएको छ । यो सिकाइका एक कला हो, यसमा शिक्षकको भूमिका पूर्ण रूपमा सहजकर्ताका रूपमा हुनुपर्छ । यसका लागि शिक्षक र विद्यार्थी तथा विद्यार्थी विद्यार्थीहरूका बिच आपसी सम्बन्ध राम्रो हुनु आवश्यक छ । कक्षाकोठामा मात्र अन्तरक्रियाको आयोजना नभई त्यसभन्दा बाहिरको परिवेशमा पनि शिक्षक विद्यार्थीका बिच अन्तरक्रियाको अवसर हुनुपर्छ । यसबाट शिक्षक विद्यार्थी बिच भावनात्मक सम्बन्ध कायम हुन जान्छ । सहयोगात्मक, अभ्यासमूलक सिकाइ पद्धतिबाट अन्तरक्रियात्मक शिक्षणको स्वरूप निर्माण हुन्छ भन्ने दृष्टिकोण प्राप्त गरिएको छ ।

अन्तरक्रियाका योजनाकार, सञ्चालक, निर्देशक शिक्षकका दृष्टिकोणमा नेपाली भाषा सिकाइको अन्तरक्रियात्मक अवस्थाप्रतिको दृटिकोणलाई प्रस्तुत गरिएको यस अध्ययनले नेपाली भाषा शिक्षणको अन्तरक्रियात्मक चरित्रलाई समीक्षात्मक रूपमा चित्रण गरेको छ । भाषिक सिप सिकाइका लागि कक्षा अन्तरक्रियात्मक हुनुपर्छ । यस किसिमको वातावरण निर्माणमा शिक्षक सक्षम हुनुपर्ने निष्कर्ष अध्ययनका आधारमा प्रस्तुत गर्न सकिन्छ ।

प्रस्तुत अध्ययनमा अन्तरक्रियात्मक कक्षाका मूलभूत विशेषताबारे सम्बन्धित पक्षलाई परिचित गराउन प्रयत्न गरिएको छ । यो अध्ययन शिक्षण कार्यमा संलग्न शिक्षक, प्रशासक तथा शिक्षा क्षेत्रमा संलग्न सबैका लागि उपयोगी रहने अपेक्षा राखिएको छ ।

## सन्दर्भ सामग्रीसूची

अमतारी/Amatari, V. O. (2015). The instructional process: A review of Flanders' interaction analysis in a classroom setting. *International Journal of Secondary Education*, 3(5), 43-49. doi.org/10.11648/j.ijsedu.20150305.11.

अलराइट/Allwright, R. L. (1984). The importance of interaction in classroom language learning. *Applied Linguistics,* 5(2), 156-171

ओबर/Ober, R. L. (1968). *The reciprocal category system (RCS): An observational system designed to assess teacher-student classroom verbal interaction.*University of South Florida.

इकबे/Icbay, M. A. (2008). *The role of classroom interaction in the construction of classroom order: A conversation analytics study*[Unpublished doctoral dissertation]. Middle East Technical University, Ankara.

एलेन/Allen, J., Gregory, A., Mikami, A., Lun, J., Hamre, B., & Pianta, R. (2013). Observations of effective teacher–student interactions in secondary school classrooms: Predicting student achievement with the classroom assessment scoring system-secondary. *School Psychology Review*, *42*(1), 76-98.

एल्डरम्यान/Alderman, R. V. (2018). *Faculty and student out-of-classroom interaction: Student perceptions of quality ofinteraction* [Unpublished doctoral dissertation]. Texas A&M University.

गालगेन/Khandve, P. V. (2016). Interactive teaching and learning activities. In *Proceedings of ISTE the 5th Annual National Convention and International Conference on Challenges and Opportunities in Technical Education in era of Sustainable Development.* HVP Mandal's College of Engineering & Technology, India.

गालगेन/Galegane, G. (2015). *A study of student-lecture interaction in communication and study skills classes at the University of Botswana* [Unpublished doctoral dissertation]. University of York.

जियोर्ज्डेज/Giorgdze, M. (2017). Interactive teaching methods challenges and perspectives. *International E-Journal of Advances in Education*, *3*(9), 544-548.

डेभिस/Davis, E. A., & Miyake, N. (2004). Explorations of scaffolding in complex classroom systems. *The Journal of the Learning Sciences*, *13*(3), 265-272.

नर्पह्मी/Nurpahmi, S. (2017). Teacher Talk in Classroom Interaction. *English Teaching Learning and Research Journal,3*(1), 35-43.

नासिर/Nasir, C., Yusuf, Y. Q., & Wardana, A. (2019). A qualitative study of teacher talk in an EFL classroom interaction in Aceh Tengah, Indonesia. *Indonesian Journal of Applied Linguistics*, *8*(3), 525-535.

नुगेन्ट/Nugent, T. T. (2009). *The impact of teacher-student interaction on student motivation and achievement*. University of Central Florida.

न्कुबे/Ncube, C. (2015). *A study of classroom interaction in an English Second Language class in five selected schools in the Libode Education District: South Africa* [Unpublished DLIT et Phil dissertation]. University of Fort Hare.

ब्राउन/Brown, H. D. (2007). *Teaching by principles: An interactive approach to language pedagogy* (2nd ed.). Pearson.

पार्क/Park, J. (2017). Multimodality as an interactional resource for classroom interactional competence (CIC). *Eurasian Journal of Applied Linguistics*, 3(2), 121-138.

पियन्टा/Pianta, R. C., La Paro, K. M., & Hamre, B. K. (2008). *Classroom assessment scoring system™: Manual K-3*. Paul H Brookes Publishing.

फ्लेन्डर/Flanders, N. A. (1966). *Interaction analysis in the classroom: A manual for observers*. School of Education, University of Michigan.

बेल/Bell, N. D. (2006). Interactional adjustments in humorous intercultural communication. *Intercultural Pragmatics*, *3*(1), 1-28, DOI 10.1515/IP.2006.001.

ब्राउन/Brown, H. D. (2007). *Teaching by principles: An interactive approach to language pedagogy* (2nd ed.). Pearson.

भेन्कटेस/Venkatesh, V., Brown, S. A., & Sullivan, Y. (2016). Guidelines for conducting mixed-methods research: An extension and illustration. *Venkatesh, V., Brown, SA, and Sullivan, YW'Guidelines for Conducting Mixed-methods Research: An Extension and Illustration,'Journal of the AIS (17: 7)*, 435-495.

मोर्गन/Morgan, N. & Saxton, J. (1991). *Teaching, Questioning, and Learning*. Routledge.

रुस्तन्डी/Rustandi, A. (2013). Meaning negotiation between teachers and students in fledgling international standardized school. *International Journal of English and Education,* 2(3), 539-553.

वाग्नर/Wagner, E. D. (1994). In support of a functional definition of interaction. *The American Journal of Distance Education*, 8(2), 6-26.

वेइझेङ/Weizheng, Z. (2019). Teacher-studentinteraction in EFL classroom in China: Communication accommodation theory perspective. *English Language Teaching*, *12*(12), 99-111, doi: 10.5539/elt.v12n12p99.

वेन्टजल/Wentzel, K. (1998). Social relationships and motivation in middle school: The role of parents, teachers, and peers. *Journal of Educational Psychology*, *90*(2), 202-209.

सुई/Tsui, A. (2001).Classroom interaction. R. Carter and D. Nunan (Eds.), *The Cambridge Guide to Teaching English to Speakers of Other Languages*, (120-125). Cambridge University Press.

सेन्थमराइ/Senthamarai, S. (2018). Interactive teaching strategies. *Journal of Applied and Advanced Research*, 3(1), S36-S38.https://dx.doi.org/10.21839/jaar.2018.v3S1.166

स्कुनेनबुम/Schoonenboom, J., & Johnson, R. B. (2017). How to construct a mixed methods research design. *KZfSS Kölner Zeitschrift für Soziologie und Sozialpsychologie*, *69*(2), 107-131.

स्किब्बे ⁄ Skibbe, L., Behnke, M., & Justice, L. M. (2004).Parental scaffolding of children's phonological awareness skills: Interactions between mothers and their preschoolers with language difficulties. *Communication Disorders Quarterly*, *25* (4), 189-203.

हक ⁄ Hake, R. R. (1998). Interactive Engagement versus Traditional methods. *American Journal*, *66*(1) , 64-74.

हम्रे ⁄ Hamre, B. K., & Pianta, R. C. (2001). Early teacher-child relationships and the trajectory of children's school outcomes through eight grade. *Child Development,* 72, 625-638.

हर्टर ⁄ Harter, S. (1996). Teacher and classmate influences on scholastic motivation, self-esteem, and level of voice in adolescents. In J. Juvonen & K. Wentzel (Eds.), *Social motivation: Understanding children's schooladjustment*, 11-42. New York:Cambridge University Press.

**लेखक**

लक्ष्मीप्रसाद आचार्य मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुएट स्कुल अफ एजुकेसन, सुर्खेतमा उपप्राध्यापक हुनुहुन्छ। उहाँले नेपाल खुला विश्वविद्यालय मानभवन, ललितपुरबाट एम.फिल उत्तीर्ण गर्नु भएको छ। हाल उहाँ त्रि.वि.मा नेपाली शिक्षा विषयको विद्यावारिधि शोधार्थीका रही शोधकार्यमा संलग्न हुनुहुन्छ। उहाँको अध्ययनको रुचि भाषा शिक्षण सिकाइको क्षेत्र रहेको छ।